सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३६४ ♦ २०८३ साल असोज ९ शुक्रवार ♦ 25 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# भारी वर्षाको पूर्वानुमानसँगै मधेशमा सुरक्षा संयन्त्र उच्च सतर्क: आठै जिल्लामा उद्धार टोली तयारी अवस्थामा

**खबर दर्पण समाचारदाता**

**असोज ८ गते, वर्दिवास**



भारी वर्षाको पूर्वानुमानसँगै मधेश प्रदेशमा बाढी र डुबानको जोखिम बढेपछि सुरक्षा संयन्त्रलाई बाढी आउनुअघि नै परिचालनयोग्य अवस्थामा राखिएको छ । नदी तथा खोलाको तटीय क्षेत्रदेखि सहरी डुबानसम्मका सम्भावित जोखिम पहिचान गरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनालाई उद्धार तथा र ाहतका लागि तयारी अवस्थामा राखिएको हो ।

मौसम पूर्वानुमान महाशाखाले असोज ९ देखि ११ गतेसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरी सहित भारीदेखि अति भारी वर्षाको सम्भावना औंल्याएको छ । मधेश प्रदेशका केही स्थानमा समेत भारीदेखि धेरै भारी वर्षा हुन सक्ने पूर्वानुमानपछि प्रदेश र जिल्ला तहमा विपद् प्रतिकार्यका ` तयारी तीव्र पारिएको छ ।

मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीका अनुसार प्रदेशका आठवटै जिल्लामा सुरक्षा संयन्त्रलाई 'स्ट्यान्डबाइ' अवस्थामा राखिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई सम्भावित जोखिमयुक्त क्षेत्र पहिचान गरी स्थानीय प्रशासन र सम्बन्धित निकायसँग समन्वय गरेर आवश्यक सुरक्षा सतर्कता अपनाउन निर्देशन दिइएको उहाँले बताउनुभयो ।

"जोखिम र अति जोखिमयुक्त क्षेत्र पहिचान गरेर आवश्यकताअनुसार सुरक्षाकर्मी परिचालन गरिएको छ," उहाँले भन्नुभयो, "बाढी, डुबान वा अन्य विपद् आइपरे तत्काल उद्धारमा खटिन सक्ने गरी जनशक्ति र स्रोतसाधन तयारी अवस्थामा र ाखिएको छ ।"

प्रदेश प्रहरीले राजमार्ग, निर्माणाधीन पुल, सडक तथा अन्य जोखिमयुक्त संरचनामा पनि निगरानी बढाएको छ । आकस्मिक बाढीले सडक र पुलमा क्षति पुऱ्याएर यातायात अवरुद्ध गर्न सक्ने सम्भावनालाई ध्यानमा राखी त्यस्ता स्थानमा विशेष निगरानी गर्न निर्देशन दिइएको छ । वीरगञ्ज र जनकपुरधामस्थित प्रदेश विपद् व्यवस्थापन गुल्मलाई पनि उद्धार तथा विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा राखिएको प्रहरीले जनाएको छ ।

## रौतहटदेखि सप्तरी सम्म नदीको त्रास

मधेशमा बाढीको जोखिम नयाँ होइन । तर यसपटक वर्षाको समय, नदीको बहाव र विगतमा डुबान तथा कटान दोहोरिएका क्षेत्रका कारण जोखिमलाई सामान्य वर्षाका रूपमा लिन नसकिने अवस्था छ ।

रौतहटमा बागमती र लालबकैया नदीको बहाव बढ्दा सदरमुकाम गौरसहित राजदेवी, ईशनाथ, राजपुर, बौधीमाई, गढीमाई र मौलापुरका तटीय बस्ती प्रभावित हुन सक्छन् । नदीको बहावसँगै तटबन्ध र कमजोर नदीकिनारमा दबाब बढ्ने जोखिम रहन्छ ।

धनुषामा कमला, जलाद र और ही नदीको बहाव बढ्दा गणेशमान चारनाथ, सबैला, शहीदनगर, कमला र विदेहका विभिन्न क्षेत्र जोखिममा पर्छन् । जनकपुरधाममा भने नदीको बाढीभन्दा वर्षाको पानी निकास हुन नसक्दा हुने सहरी डुबान प्रमुख समस्या बन्ने गरेको छ । सिरहामा कमला, बलान तथा स्थानीय खहरे खोलाका कारण सिरहा, कल्याणपुर, कर्जन्हा, मिर्चैया र भगवानपुर क्षेत्र

*बाँकी पृष्ठ ३ मा*

# 'सतर्क रहौं, सुरक्षित रहौं', मधेश सरकारको आग्रह



**खबर दर्पण समाचारदाता**

**असोज ८ , जनकपुरधाम**

भारी वर्षासँगै बाढी, पहिरो, डुबान तथा अन्य सम्भावित विपद्को जोखिम बढेपछि मधेश प्रदेश सरकारले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बिहीबार बसेको बैठकको निर्णय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी सूचना र सतर्कतालाई आधार बनाउँदै विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाइएको जनाएको हो ।

मन्त्रालयका अनुसार सम्भावित विपद्का बेला आवश्यक पर्ने खाद्यान्न, दैनिक उपभोग्य वस्तु, औषधि तथा उद्धार सामग्रीको पूर्वव्यवस्था गरी तत्काल परि चालन गर्न सक्ने अवस्थामा र ाखिएको छ। सुरक्षा निकायलाई समेत उच्च सतर्कताका साथ तयारी अवस्थामा राखिएको र आवश्यकता अनुसार उद्धार तथा सुरक्षा कार्यमा परिचालन गर्ने

*बाँकी पृष्ठ ३ मा*

# भारी वर्षाको पूर्वानुमानपछि महोत्तरीमा उच्च सतर्कता: उद्धारदेखि राहतसम्म तयारी गर्न निर्देशन

**खबर दर्पण समाचारदाता**

**असोज ८ गते, वर्दिवास**

भारीदेखि अति भारी वर्षाको पूर्वानुमानपछि बाढी, डुबान र नदी कटानको जोखिमलाई ध्यानमा राख्दै महोत्तरीमा उच्च सतर्कता अपनाइएको छ। जिल्ला प्रशासन कार्यालयले सम्भावित विपद्को सामना गर्न जिल्लाका सबै स्थानीय तहलाई उद्धार, र ाहत र प्रतिकार्यका लागि आवश्यक तयारी गर्न निर्देशन दिएको छ ।

जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनलाई आधार बनाउँदै प्रशासनले असोज ९ देखि ११ गतेसम्म देशका अधिकांश भूभागमा मेघगर्जन र हावाहुरीसहित भारीदेखि अति भारी वर्षा हुने सम्भावना र हेको जनाएको छ। वर्षाको प्रभाव महोत्तरीमा समेत पर्न सक्ने भएकाले विपद् आउनुअघि नै आवश्यक स्रोतसाधन तयारी अवस्थामा राख्न स्थानीय तहलाई भनिएको हो ।

प्रशासनका अनुसार वर्षाका कारण जिल्लाका रातु, राँके, बडहरी, जंघा, मरोहालगायत नदी तथा खोलामा पानीको बहाव अचानक बढ्न सक्छ । बहाव बढेमा नदी कटान र डुबानको जोखिम बढ्ने भएकाले नदी तथा खोलाको आसपासका बस्तीमा विशेष निगरानी गर्न निर्देशन दिइएको छ ।

जोखिमयुक्त बस्तीको पहिचान गरी स्थानीय बासिन्दालाई समयमै सूचना दिन प्रशासनले भनेको छ । तटीय तथा संवेदनशील क्षेत्रमा माइकिङमार्फत सूचना प्रवाह गर्न तथा स्थानीय सञ्चार माध्यमबाट मौसम, बाढी र डुबानसम्बन्धी सूचना निरन्तर सम्प्रेषण गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

सम्भावित उद्धारका लागि लाइफ ज्याकेट, लाइफ ब्वाय, डोरी, र बर बोट वा डुंगा, बन्चरो, स्ट्रेचर र टर्चलाइटलगायत सामग्री तयारी अवस्थामा राख्न भनिएको छ । सडक तथा बाटोघाटो अवरुद्ध भए तत्काल खुलाउन जेसीबी, एक्साभेटर र लोडरलगायत हेभी उपकर णसमेत चौबीसै घण्टा परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्न निर्देशन दिइएको छ ।

बाढी तथा डुबानबाट प्रभावित नागरिकलाई सुरक्षित स्थानमा सार्न सम्भावित आश्रयस्थलको पहिचान गर्न पनि स्थानीय

*बाँकी पृष्ठ ३ मा*

# काँग्रेसको १५ औँ महाधिवेशन : औरही नगर कार्यसमिति सर्वसम्मत

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असोज ८ गते, महोत्तरी**

पाली काँग्रेसको १५औँ महाधिवेशनअन्तर्गत महोत्तरीको औरही नगर कार्यसमितिको सभापतिमा मैथुलप्रसाद यादव सर्वसम्मत चयन हुनुभएको छ। नगर कार्यसमिति गठनका लागि भएको छलफलबाट यादवलाई सभापतिमा सर्वसम्मत चयन गरिएको हो । नगर सभापति योगेन्द्र यादव र मतदान अधिकृतको रोहबरमा भएको छलफलबाट यादवलाई सभापतिको जिम्मेवारी दिइएको जनाइएको छ ।

यसअघि औरही नगरपालिका-१ देखि ९ सम्मका वडा अधिवेशनबाट सबै वडा सभापति सर्वसम्मत चयन भएका थिए । वडा नं. १ मा सुजित यादव, २ मा नागेन्द्र साह, ३ मा लालकिशोर यादव, ४ मा रामपृत साह, ५ मा ब्रह्मदेव राय, ६ मा वीरेन्द्र यादव, ७ मा दिलीप यादव, ८ मा श्रीप्रसाद यादव र ९ मा महेन्द्र महतो वडा सभापतिमा चयन हुनुभएको थियो ।

वडा तहको अधिवेशन सम्पन्न भएपछि नगर अधिवेशन सम्पन्न भएको हो । नगर कार्यसमितिको सभापतिसहित अधिकांश पदाधिकारी तथा सदस्य पनि सर्वसम्मत चयन भएका छन् । पुरुष उपसभापति पदको चयन भने टुङ्गो लाग्न बाँकी रहेको जनाइएको छ ।

नगर उपसभापति (महिला) मा सुनिता ठाकुर, सचिवमा रामु यादव र सहसचिवमा श्यामकिशोर यादव चयन हुनुभएको छ ।

महिला सदस्यतर्फ वडा नं. १ देखि ९ सम्म क्रमशः किरण राउत, रिंकु देवी, गोल्हिया देवी, पर्मिला देवी सदा, लक्ष्मीनिया देवी मण्डल, दौलतिया देवी, तेतरी देवी सदा, इन्दु देवी सदा र प्रेमकान्ति देवी चयन हुनुभएको छ ।

खुला सदस्यतर्फ हरि यादव, सञ्जय यादव, शेषनारायण साह, रामपुनित यादव, दिलीप यादव, रामनाथ यादव, रामईश्वर यादव, रामशङ्कर यादव र मोहन बैठा चयन हुनुभएको जनाइएको छ ।

युवा खुला सदस्यमा रञ्जित यादव र बिमलेन्द्र यादव, महिला दलित सदस्यमा बिमला देवी सदा तथा दलित खुला सदस्यमा सकलदेवी महरा चयन हुनुभएको छ । मनोनीत समावेशी सदस्यतर्फ सुमन यादव, हरि देव यादव, नथुनी यादव, सञ्जय यादव, रघुनाथ यादव, दिलीप यादव, परीक्षण महतो, रबिन्द्र यादव र अजित यादव चयन हुनुभएको जनाइएको छ ।

सभापतिमा सर्वसम्मत चयन भएपछि यादवले आफूलाई जिम्मेवारी दिएकोमा पार्टीका नेता तथा कार्यकर्ताप्रति आभार व्यक्त गर्दै सबै पक्षलाई समेटेर नगर संगठनलाई वडा तथा टोल तहसम्म थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । पार्टीभित्र एकता, सहकार्य र समन्वयलाई प्राथमिकता दिँदै संगठनात्मक गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने उहाँले बताउनुभयो ।



अधिवेशनका प्रमुख अतिथि नेपाली काँग्रेसका नेता महेन्द्रकुमार रायले पार्टी संगठनलाई वडा तहदेखि नै व्यवस्थित र सक्रिय बनाउनुपर्ने बताउनुभयो । नेता तथा कार्यकर्ताबीच आपसी समन्वय र सहकार्य कायम गर्दै संगठनलाई जनतासँग जोड्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य सुनिलकुमार यादवले गाउँ, वडा र टोल तहसम्म संगठन सुदृढीकरणमा ध्यान दिनुपर्ने बताउनुभयो। आन्तरिक एकता र अनुशासन कायम राख्दै जनताका समस्या र आवश्यकतासँग जोडिएर पार्टीका गतिविधि सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो ।

क्षेत्रीय सभापति उतिम राय यादवले वडा तहबाटै संगठनात्मक गतिविधिलाई सक्रिय बनाउनुपर्ने बताउँदै कार्यकर्ताबीच समन्वय र सहकार्य बढाएर संगठन विस्तारलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

मधेश प्रदेश कमिटी सदस्य नरेन्द्र यादवले पनि पार्टी संगठनलाई वडा तथा टोल तहसम्म विस्तार र सुदृढीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

नगर सभापति योगेन्द्र यादवले मैथुलप्रसाद यादवको सर्वसम्मत चयन पार्टीभित्र सहमति र सहकार्यको अभ्यास भएको बताउँदै आगामी दिनमा सबै पक्षलाई समेटेर नगर संगठनलाई थप प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

अधिवेशनमा नेपाली काँग्रेसका नेता महेन्द्रकुमार राय, केन्द्रीय सदस्य सुनिलकुमार यादव, क्षेत्रीय सभापति उतिम राय यादव, मधेश प्रदेश कमिटी सदस्य नरेन्द्र यादव, नगर तथा वडा सभापतिलगायत नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

नगर अधिवेशन सम्पन्न भएसँगै औरही नगरपालिकामा काँग्रेसको १५औँ महाधिवेशनअन्तर्गत वडा तथा नगर तहको अधिवेशन प्रक्रिया सर्वसम्मत रूपमा सम्पन्न भएको जनाइएको छ ।

# भारी वर्षाको पूर्वानुमानपछि महोत्तरीमा उच्च...........

तहलाई भनिएको छ । सामुदायिक भवन, विद्यालय तथा पक्की सार्वजनिक स्थललाई आवश्यकताअनुसार आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने गरी खानेपानी, सरसफाइ र विद्युत्को व्यवस्था मिलाउन प्रशासनले निर्देशन दिएको छ। सम्भावित प्रभावित परिवारका लागि चिउरा, दालमोठ, बिस्कुट, तयारी खाना, त्रिपाल र म्याट्रेसलगायत आकस्मिक राहत सामग्री अग्रिम रूपमा भण्डारण गर्न भनिएको छ । आवश्यकताअनुसार तत्काल वितरण गर्न सकिने गरी राहत सामग्रीको व्यवस्थापन गर्न प्रशासनले स्थानीय तहलाई आग्रह गरेको हो ।

विपद्पछि पानीजन्य तथा संक्रामक रोग फैलिन सक्ने जोखिमलाई ध्यानमा राखी स्थानीय तह मातहतका स्वास्थ्य संस्थालाई पनि तयारी अवस्थामा राख्न निर्देशन दिइएको छ । स्वास्थ्य संस्थामा आवश्यक औषधि, जीवनजल, एन्टिबायोटिक तथा स्वास्थ्यकर्मीको व्यवस्था मिलाउन भनिएको छ ।

स्थानीय तथा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउन पनि प्रशासनले निर्देशन दिएको छ । जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक र स्थानीय युवालाई समेटेर द्रुत प्रतिकार्य टोली गठन गरी आवश्यक परेको अवस्थामा तत्काल परिचालन गर्न भनिएको छ ।

विपद्का समयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासँग निरन्तर समन्वय गर्न प्रशासनले स्थानीय तहलाई आग्रह गरेको छ । कुनै घटना भएमा वा जोखिमको अवस्था देखिएमा जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई तत्काल जानकारी गराउन निर्देशन दिइएको छ । जिल्ला प्रशासन कार्यालयले सुरक्षा निकायलाई समेत आवश्यक तयारी अवस्थामा राखेको जनाएको छ । सशस्त्र प्रहरीलाई उद्धार टोली तयारी अवस्थामा राख्न तथा नेपाल प्रहरीसँग आवश्यक समन्वय गर्न निर्देशन दिइएको छ ।

बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणालीका कारण भारी वर्षाको सम्भावना देखिएपछि महोत्तरी प्रशासनले विपद्को पूर्वतयारीमा जोड दिएको हो । प्रशासनले वर्षाका कारण हुनसक्ने क्षति न्यूनीकरणका लागि स्थानीय तहका स्रोतसाधन, उद्धार टोली र राहत संयन्त्रलाई तयारी अवस्थामा राख्न निर्देशन दिएको जनाएको छ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाफिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भारी वर्षाको पूर्वानुमानसँगै .....

संवेदनशील छन् । सप्तरीमा सप्तकोशीसँगै खाँडो, महुली, जिता र बलान खोलाको बहाव बढ्दा हनुमाननगर कङ्कालिनी, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजविराज आसपासका बस्तीमा डुबानको जोखिम रहन्छ ।

सर्लाहीमा बागमती, लखनदेई र मनुसमारा, महोत्तरीमा रातु, मडाहा, बिग्ही र अङ्कुशी नदीका कारण तटीय तथा होचा बस्ती जोखिममा छन्। बारा र पर्सामा चुरे तथा पहाडी क्षेत्रबाट आउने खोलामा अचानक बढ्ने पानी, कटान र गेग्रान बहाव अर्को चुनौती हो ।

बारामा पसाहा, दुधौरा, बालगङ्गा र तिलावे नदी तथा पर्सामा ओरिया, श्रीसिया र तिलावे नदीको बहावले तल्लो तटीय क्षेत्र प्रभावित गर्न सक्छ ।

### चुरे दोहनपछि बदलिए खोलाका धार

मधेशको बाढी जोखिमलाई वर्षाको मात्र परिणामका रूपमा हेर्न नहुने सुरक्षा निकायको विश्लेषण छ। चुरे क्षेत्रमा भइरहेको दोहन, नदी तथा खोलाको प्राकृतिक बहावमा आएको परिवर्तन, खोलामा थुप्रिएको ढुङ्गा-गिट्टी-बालुवा र कमजोर हुँदै गएको निकास प्रणालीले कतिपय स्थानमा छोटो समयको भारी वर्षालाई समेत बाढी र डुबानमा परिणत गर्ने जोखिम बढाएको छ ।

विशेषगरी चुरेबाट तराईतर्फ झर्ने खोलामा एकैपटक पानीको बहाव बढ्दा बस्तीमा पूर्वसूचना र उद्धारका लागि समय कम हुने गर्छ । यस्तो अवस्थालाई ध्यानमा राख्दै जोखिमयुक्त बस्तीको पूर्वपहिचान र उद्धार टोलीको तत्काल परिचालनलाई सुरक्षा निकायले प्राथमिकतामा राखेको छ ।

### विपद् आएपछि होइन, आउनुअघि तयारी

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले पनि सुरक्षा निकायलाई उच्च सतर्कतासहित परिचालन हुन निर्देशन दिएको छ। बैठकले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच प्रभावकारी समन्वय गरी सम्भावित क्षति न्यूनीकरण तथा उद्धार कार्यलाई चुस्त बनाउन जोड दिएको छ ।

पर्सा जिल्ला विपद् व्यवस्थापन समितिले पनि असोज ९ देखि ११ गतेसम्म सम्भावित विपद्को जोखिमलाई ध्यानमा राख्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका खोज तथा उद्धार टोलीलाई आवश्यक सामग्रीसहित २४ घण्टा 'अलर्ट' अवस्थामा राख्ने निर्णय गरेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार अहिले देशभर मनसुनी वायुको प्रभावसँगै पश्चिमी वायुको आंशिक प्रभाव छ भने बंगालको खाडीमा विकसित गहिरो न्यूनचापीय प्रणाली पश्चिम-उत्तरपश्चिमतर्फ अघि बढिरहेको छ। प्रणालीको प्रभावले देशका विभिन्न भागमा वर्षा भइरहेको छ र आगामी दिनमा वर्षाको गतिविधि अझ बढ्न सक्ने विभागले जनाएको छ ।

यसैकारण मधेशमा अहिलेको तयारीको मुख्य प्रश्न उद्धार टोली कहाँ राख्ने भन्ने मात्र होइन, बाढी आउनुअघि जोखिममा रहेका नागरिकलाई कसरी सुरक्षित स्थानमा पुऱ्याउने, सूचना कसरी छिटो पुऱ्याउने र नदी-खोलाको बहाव बढ्नुअघि नै स्थानीय तहलाई कसरी सक्रिय बनाउने भन्ने बनेको छ ।

सुरक्षा निकायले नदी, खोला तथा डुबान सम्भावित क्षेत्रमा अनावश्यक आवतजावत नगर्न, भारी वर्षाका बेला जोखिमयुक्त सडकमा यात्रा नगर्न तथा जल तथा मौसम विज्ञान विभाग र स्थानीय प्रशासनबाट जारी हुने आधिकारिक सूचना नियमित रूपमा लिन सर्वसाधारणलाई आग्रह गरेको छ । सडक विभागले समेत भारी वर्षाका बेला बाढी, पहिरो र गेग्रान बहावको जोखिम रहने भन्दै जोखिमयुक्त सडकखण्ड तथा खोला-नालामा विशेष सावधानी अपनाउन अनुरोध गरेको छ । मधेशका लागि आगामी तीन दिनको वर्षा केवल मौसमको सूचना होइन, बाढी र डुबानको जोखिम भएका बस्तीका लागि पूर्वतयारीको परीक्षा पनि बनेको छ ।

# प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदा....

नियमित काम प्रभावित भएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार कर्मचारी तथा पदाधिकारीको नियमित तलब, भत्ता तथा अन्य सेवा सुविधाको भुक्तानीलगायतका वित्तीय काम अघि बढाउन समस्या भइरहेको छ । आर्थिक वर्षको नियमित प्रशासनिक प्रक्रिया तथा विकास निर्माणसम्बन्धी कामसमेत प्रभावित हुने अवस्था रहेको जनाइएको छ ।

विशेषगरी दसैँ नजिकिँदै गएकाले कर्मचारी तथा पदाधिकारीले पाउनुपर्ने तलब-भत्ता समयमै भुक्तानी हुन नसके आर्थिक तथा व्यावहारिक समस्या उत्पन्न हुन सक्ने नगरपालिकाले जनाएको छ। नगरपालिकाले दैनिक प्रशासनिक सेवा, विकास निर्माण, योजना कार्यान्वयन तथा वित्तीय व्यवस्थापनलाई नियमित बनाउन प्रमुख प्रशासकीय अधिकृतको तत्काल हाजिरी आवश्यक रहेको जनाएको छ ।

नगर प्रमुख सञ्जीवकुमार साहले मन्त्रालयबाट खटाइएका भुसाललाई यथाशीघ्र कार्यालयमा हाजिर गराई जिम्मेवारी सम्हाल्ने वातावरण बनाउन सम्बन्धित मन्त्रालयसँग आग्रह गर्नुभएको छ ।

नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए नगरपालिकाको नियमित कामकाज नै प्रभावित हुने भन्दै तत्काल समस्या समाधान गर्न मन्त्रालयको ध्यानाकर्षण गराएको छ । नगरपालिकाले तीन दिनभित्र प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए अति आवश्यक सेवाबाहेकका सम्पूर्ण कामकाज बन्द गर्ने चेतावनीसमेत दिएको छ ।

नगरपालिकाको यस्तो चेतावनीपछि दसैँको मुखमा भंगहाको प्रशासनिक तथा वित्तीय सेवा थप प्रभावित हुने सम्भावना देखिएको छ। नगरपालिकाले भने नागरिकलाई नियमित सेवा प्रवाहमा असर नपर्ने गरी समस्या तत्काल समाधान गर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ ।

# 'सतर्क रहौँ, सुरक्षित रहौँ', ....

व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।

सम्भावित विपद्बाट बढी प्रभावित हुनसक्ने जोखिमयुक्त क्षेत्रको पहिचान गरी त्यहाँ रहेका नागरिकको सुरक्षालाई प्राथमिकतामा राखिएको मन्त्रालयले जनाएको छ । विशेषगरी ज्येष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको सुरक्षामा विशेष ध्यान दिइएको बताइएको छ ।

आवश्यक परे जोखिमयुक्त क्षेत्रबाट उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ । स्थानीय तहसँग समन्वय गरी सम्भावित जोखिमको अवस्था पहिचान, उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने तयारीसमेत गरिएको छ ।

विपद्का समयमा सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन नियमित रूपमा मौसम, बाढी तथा अन्य जोखिमसम्बन्धी सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ। स्वास्थ्य, विद्युत् र सञ्चार जस्ता अत्यावश्यक सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायबीच समन्वय र सहकार्यलाई समेत प्राथमिकता दिइएको छ ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सम्भावित विपद्को जोखिमलाई ध्यानमा राख्दै नागरिकलाई आवश्यक सावधानी अपनाउन आग्रह गर्नुभएको छ। उहाँले नदी, खोला तथा डुबानको जोखिम भएका क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र जोखिमयुक्त स्थानमा नजान आग्रह गर्नुभयो ।

मन्त्री महतोले विपद्को समयमा सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचनाभन्दा सम्बन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचना र सुरक्षासम्बन्धी सन्देशलाई आधार बनाउन आग्रह गर्नुभयो ।

उहाँका अनुसार प्रदेशका सबै स्थानीय तहसँग समन्वय गरी स्थानीयस्तरमा पूर्वतयारी, उद्धार, राहत तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाइएको छ । सम्भावित विपद्को अवस्थामा प्रदेश, जिल्ला तथा स्थानीय तहका संयन्त्रबीच समन्वय गरी आवश्यक जनशक्ति र स्रोतसाधन तत्काल परिचालन गरिने उहाँले बताउनुभयो ।

"सतर्क रहौँ, सुरक्षित रहौँ" भन्ने सन्देशसहित मन्त्री महतोले विपद्को जोखिम न्यूनीकरण तथा सम्भावित क्षति कम गर्न प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार क्षेत्र र नागरिक समाजलगायत सबै पक्षलाई सहयोग र समन्वयका लागि आग्रह गर्नुभएको छ ।



# सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणमा सघाउन सशस्त्र प्रहरीलाई २० मोटरसाइकल

**खबर दर्पण समाचारदाता**

**असोज ८ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले सीमा सुरक्षा तथा अपराध नियन्त्रणमा परिचालन सहज बनाउन सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल प्रदान गरेको छ ।

प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले बिहीबार आयोजना गरेको कार्यक्रममा गृहमन्त्री फकिरा महतोले सशस्त्र प्रहरी बल नेपालका मधेश प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टलाई मोटर साइकलको साँचो तथा आवश्यक कागजात हस्तान्तरण गर्नुभयो ।

गृहमन्त्री महतोले सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीलाई अपराध नियन्त्रण, चोरी-पैठारी तथा तस्करी नियन्त्रण र विपद्का बेला उद्धारमा परिचालन गर्न सहज होस् भन्ने उद्देश्यले मोटरसाइकल उपलब्ध गराइएको बताउनुभयो । उहाँले सुरक्षा निकायलाई आवश्यक साधनस्रोत उपलब्ध गराएर सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने प्रदेश सरकारको नीतिअनुसार सवारी साधन हस्तान्तरण गरिएको बताउनुभयो। उपलब्ध साधनको प्रभावकारी प्रयोग गरी सीमा क्षेत्रको सुरक्षा तथा अपराध नियन्त्रणमा थप सक्रियता बढाउन उहाँले सशस्त्र प्रहरीलाई आग्रह गर्नुभयो ।



मधेश प्रदेशका अधिकांश जिल्ला भारतसँग सीमा जोडिएका छन् । खुला सीमाका कारण विभिन्न समयमा चोरी-पैठारी, भन्सार छली तथा तस्करीका गतिविधि हुने गरेका छन् । सीमावर्ती मुख्य नाकामा सुरक्षा निगरानी बढेपछि ग्रामीण तथा भित्री सीमावर्ती क्षेत्रमा समेत अवैध गतिविधि हुन सक्ने भएकाले त्यस्ता क्षेत्रमा गस्ती तथा निगरानी बढाउनुपर्ने आवश्यकता रहेको सुरक्षा अधिकारीहरूको भनाइ छ । सीमावर्ती क्षेत्रका ग्रामीण सडक तथा भित्री बस्तीमा नियमित गस्ती गर्न मोटरसाइकल उपयोगी हुने भएकाले उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । यसबाट सुरक्षाकर्मीको आवतजावत सहज हुनुका साथै सूचना प्राप्त भएको स्थानमा तत्काल पुगेर कारबाही तथा उद्धार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसअघि प्रदेश सरकारले प्रदेशका जिल्ला प्रहरी कार्यालयहरूलाई परिचालन गर्ने गरी ३५ थान मोटरसाइकल उपलब्ध गराएको थियो । गृह, सञ्चार तथा कानुन मन्त्रालयका अनुसार आवश्यकता र प्राथमिकताका आधारमा थप १० थान मोटरसाइकल उपलब्ध गराउने तयारी गरिएको छ । मन्त्रालयले प्रदेशका सुरक्षा निकायको परिचालन क्षमता बढाउन आवश्यक स्रोतसाधन उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने जनाएको छ । सीमावर्ती क्षेत्रमा सुरक्षा उपस्थिति प्रभावकारी बनाउनुका साथै अपराध नियन्त्रण र विपद् प्रतिकार्यमा सवारीसाधनको उपयोग बढाउने मन्त्रालयको उद्देश्य रहेको बताइएको छ ।

# प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदा भंगहाको कामकाज प्रभावित

**खबर दर्पण समाचारदाता**

**असोज ८ गते, बर्दिवास**

मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएका कर्मचारी कार्यालयमा हाजिर नभएपछि महोत्तरीको भंगहा नगरपालिकाको प्रशासनिक तथा वित्तीय कामकाज प्रभावित भएको छ । प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिका कारण नियमित प्रशासनिक कामसँगै कर्मचारी तथा पदाधिकारीको तलब-भत्ता भुक्तानीसमेत प्रभावित हुने अवस्था सिर्जना भएको नगरपालिकाले जनाएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत स्थानीय तह कर्मचारी प्रशासन शाखाले २०८३ भदौ १ गतेको पत्रमार्फत खिमराज भुसाल (कर्मचारी सङ्केत नं. १७९५४७) लाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो ।

मन्त्रालयबाट पदस्थापनको पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल कार्यालयमा हाजिर नभएको नगरपालिकाले जनाएको छ। प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउन सम्बन्धित मन्त्रालयलाई पटकपटक जानकारी गराउँदै आवश्यक पहल र ताकेता गरिए पनि हालसम्म हाजिर भएर जिम्मेवारी सम्हाल्ने अवस्था नबनेको नगरपालिकाको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको प्रशासनिक तथा वित्तीय कामको प्रमुख जिम्मेवार अधिकारी हुने भएकाले उहाँको अनुपस्थितिले नगरपालिकाको

बाँकी पृष्ठ ३ मा

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३ असोज ९ गते

यस कम्पनीको विशेष साधारणा समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३।०६।०८ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी कर्नर फुड पोइन्ट क्याफे एण्ड रेष्टुरेन्ट (प्रा. लि.) प्रा. ली. नं २६४२६० को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिर्वतित नामको ए.जी.कलेक्सन प्रा. ली. अंग्रेजीमा **A. G. Collection Pvt.Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७८।०६।१८ मा दर्ता भएको प्रा.लि.नं.२७४३८३ भएको टेष्ट राइड (प्रा.ली.) को २०८३।०६।०८ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ कोृ दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**

**कीर्तिपुर न.पा.वडा न.ं ०४ ,काठमान्डौ**

**सम्पर्क नम्वरः९८४३२४५०८२**

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेजीको ३० दिने सूचना

यस कार्यालयमा मिति २०६८।०१।२७ मा दर्ता भएको कुर्मी ट्रेड प्राइभेट लिमिटेड .(प्रा.ली. नं..८३०९१० नामको कम्पनीले दफा १३६ क अनुसार बिशेष दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,